आधा घण्टामै हेटौंडा उपमहानगरको विशेष नगरसभा स्थगित । पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७५५३३००
इमेलः
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-०८ ● २०८१ भाद्र ३१ गते सोमबार, ● 16 September, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरका ८ खेलाडीले पाए 'ब्ल्याक बेल्ड'



◆ विकास संवाददाता

नेपाल गोजरियो कराँते दो संघ शाखा दोजो थाहा नगरपालिकाका ८ जना प्रशिक्षार्थी ब्ल्याक बेल्डमा स्तरवृद्धि भएका छन् । ब्ल्याक बेल्ड पाउनेमा प्रमिला थोकर, कृतिका थोकर, सन्जिता गोले, सुस्मिता दोङ, सन्तोष गोपाली, शुशान्त दोङ, शन्तराम अधिकारी र सुमन घिमिरे रहेका छन् । उनीहरू २७ भाद्रमा क्याम्पाडाँडामा भएको ग्रेडिङबाट 'ब्ल्याक बेल्ड'मा स्तरवृद्धि भएका हुन् ।

ग्रेडिङमा दुई जनाले ब्राउन बेल्ट प्राप्त गरेका छन् । एक जना खेलाडीले 'ब्लु बेल्ड' पाएका छन् भने ग्रीन बेल्ड १४ जनाले र एल्लो बेल्ट ४२ जना खेलाडीले प्राप्त गरेको नेपाल गोजुरियो कराते दो संघका केन्द्रिय सदस्य तथा मकवानपुर जिल्ला प्रमुख प्रशिक्षक मान सिं दोङले जानकारी दिए । ग्रेडिङ कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथी तथा थाहानगर प्रमुख विष्णु बहादुर विष्टले खेलकुदले अनुशासित बन्न सिकाउने बताए । प्रमुख विष्टले उच्च मनोबलका साथ मिहिनत गरे खेलकुदको भविष्य फराकिलो रहेको उल्लेख गरे । उनले खेलाडीहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको खेलाडी बन्नका लागि शुभकामना दिए । सो अवसरमा खेलाडिहरूले काँता, स्पायरिङसहित डेमोस्ट्रेसन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, नेपाल गोजिरियो कराते दो संघका केन्द्रिय सचिव सानोबाबु गुरूङ, थाहा नगरपालिका शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख माधव बिक्रम मल्ल, नगर खेलकुद विकास समितीका सदस्य यादव रायमाझी, जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्की, पालुङ जेसीजका अध्यक्ष निरज रायमाझी, थाहानगर सूचना शाखा प्रमुख सुरजकुमार भुजेल, थाहानगर ब्याडमिन्टन संघका अध्यक्ष संग्राम खत्री, पालुङ अंग्रेजी स्कुलका निर्देशक सुशील कुमार वस्तीलगायतको आतिथ्यता रहेको थियो ।

## थाहानगरको सकारात्मक प्रयासः

# आत्महत्याका घटना घट्यो

विकास संवाददाता
थाहानगर



सांकेतिक चित्र । साभारः गुगल

मकवानपुर थाहा नगरपालिका क्षेत्रमा आत्महत्याका घटनामा कमी आएको छ । इलाका प्रहरी कार्यालय पालुङको अभिलेख अनुसार अघिल्ला वर्षहरूको तुलनामा आत्महत्या गर्नेहरूको संख्यामा फराकिलो अंकले कमी आएको हो ।

तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/०८१ मा थाहा नगरपालिकामा ११ जनाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेमा सबैभन्दा बढि वडा नम्बर ४ मा ५ जना रहेका छन् । ४ नम्बर वडाका ३ पुरुषले झुण्डिएर, एक महिलाले बुढेर र एक पुरुषले विष सेवन गरेर आत्महत्या गरेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ । वडा नम्बर ३ मा एकजना पुरुषले डुबेर आत्महत्या गरेको प्रहरीसंग तथ्याङ्क छ ।

वडा नम्बर ५ मा एक पुरुरुषले विष सेवन गरेर आत्महत्या गरेका छन् भने वडा नम्बर ६ मा दुई पुरुषले झुण्डिएर र वडा नम्बर ५ मा एक जना पुरुषले विष सेवन गरेर आत्महत्या गरेका छन् । त्यसैगरी वडा नम्बर १० मा एक जना पुरुषले झुण्डिएर आत्महत्या गरेको इलाका प्रहरी पालुङले जनाएको छ ।

यसैबीच आर्थिक वर्ष २०७९/०८० मा थाहा नगरपालिका क्षेत्रमा झुण्डिएर ११ र विष सेवनबाट ९ गरी कुल २० जनाले आत्महत्या गरेका थिए । आर्थिक वर्ष २०७८/०७९ मा झुण्डिएर ६ र विष सेवन गरेर ३ जनाले आत्महत्या गरेको इलाका प्रहरी कार्यालय पालुङले जनाएको छ ।

यसैबीच आत्महत्याका घटना घटनाप्रति नगर प्रमुख विष्णु बहादुर विष्टले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा कार्यक्रममै उच्च चासो व्यक्त गरेका छन् । प्रमुख विष्टले आत्महत्या न्यूनिकरणको लागि पालिकाले कार्यक्रमहरू संचालन गरिरहेकोमा त्यसलाई थप प्रभावकारी बनाउन निर्देशन दिएका छन् । उनले नागरिकसंग प्रत्येक्ष सरोकार राख्ने स्वास्थ्य अन्तर्गत मानसिक स्वास्थ्य कार्यक्रमलाई इङ्कित गर्दै हाल संचालन भइरहेको कार्यक्रमको भने प्रशंसा गरे ।

यसैबीच थाहा नगरपालिकाले सञ्चालन गरेको मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत मानसिक रोग खोज र उपचार सम्बन्धि कार्यक्रम सञ्चालन भैरहेको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए । उनले भने-'मानसिक रोगकै कारण मानिसहरू आत्महत्यातर्फ उन्मुख हुन्छ हामीले त्यस विरूद्ध कार्यक्रम सञ्चालन गरेका छौं ।' कार्यक्रमकै कारण नगर क्षेत्रमा आत्महत्या गर्नेको संख्यामा कमी आएको बलामीको दाबी छ । पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा २ सय २२ जना मानसिक रोगीको परीक्षण गरेको छ । यसमध्ये डिप्रेशनका ३७ जना, एन्जाइटिक ६६ जना, कन्भर्सन डिसअर्डर ११ र एक्युट साइकोसिस ११ जना गरी १ सय २५ जनाले नियमित औषधि सेवन गर्ने गरेको स्वास्थ्य शाखा प्रमुख बलामीले बताए । उनीहरू सबैले सेवन गर्ने औषधि नगरपालिकाले निःशुल्क उपलब्ध गराउने गरेको छ । प्रत्येक महिना विशेषज्ञ डाक्टर सहितको शिविर पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा शिविर आयोजना गर्ने गरिएको बलामीले बताए ।

त्यसैगरी थाहा नगरपालिकामा सञ्चालन भैरहेको सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत पनि समुदायमै पुगेर मानसिक स्वास्थ्य सम्बन्धि मनोसामाजिक परामर्श दिने गरिएको कार्यक्रमकी वित्तीय साक्षरता सहजकर्ता मेलिना केसीले जानकारी दिइन् । यस किसिमको कार्यक्रम घर भेट र समूहमा गरी दुई किसिमबाट गरिने केसीको भनाइ छ ।

कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा घरभेट मार्फत ३२ जनासहित समुहमा समेत गरी करिब १ सय ५० जनालाई परामर्श दिइएको सामी कार्यक्रमकी मनोसामाजिक परामर्शकर्ता सुनिता बस्नेतले जानकारी दिइन् ।

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

थाहा नगरपालिका

थाहा नगरपालिकाको जरुरी सूचना !

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरूले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रुपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५९ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



खानाको स्वच्छताको लागि ध्यान दिनुपर्ने कुराहरु




थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## खै त ! संविधान कार्यान्वयको समीक्षा

नेपालमा संविधानसभाबाट पहिलोपटक संविधान जारी गरिएको ३ असोजको हामी संघारमै छौ. । आउँदो ३ असोजबाट संविधान जारी भएको नौ वर्ष पूरा भएर दशौं प्रवेशमा गर्दैछ । मानिसको जीवन हुन्थ्यो भने दश वर्षको उमेर बालबालिकाकै चरण हो तर राजनीतिमा दश वर्ष भनेको परीक्षणका लागि पर्याप्त समय हो । यसरी हेर्दा नेपालको संविधानले परीक्षणको चरण पार गरिसकेको छ । यो सन्दर्भमा संविधान कार्यान्वयनसँग जोडिएका सकारात्मक र नकारात्मक पक्षको विश्लेषण गरेर अगाडि बढ्नुपर्ने बेला आएको छ । प्रमुख सत्तारुढ दलहरुले भनेजस्तै अहिले नै संविधानको समीक्षा गरेर संशोधनकै बाटोमा अघि बढ्नुपर्ने बेला भएको छ वा छैन, बहस आरम्भ भएपछि नै यसले आकार लिनेछ तर संविधानको भन्दा पनि संविधान कार्यान्वयनको समीक्षा गर्न अब ढिलाइ गर्नुहुँदैन । सबैभन्दा पहिले त सबल पक्षका कुरा गरौं । अब संविधान कस्तो छ भनेर चर्चा गरिरहनुपर्दैन किनकि दश वर्षसम्म संविधानको चर्चा र ब्याख्या यथेष्ट भइसकेको छ । वर्तमान संविधानको मूलभूत विशेषता भनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था हो । कार्यान्वयनमा देखिएका कैयौं कमजोरीका वावजुद यो व्यवस्था अहिलेसम्मका व्यवस्थामध्येको प्रगतिशील र अग्रगामी व्यवस्था हो भन्नेमा आम धारणा बन्दै जानु संविधानको सर्वस्वीकार्यता बढ्नु हो । यो नै अहिले संविधानको मूलभूत सफलता मान्नुपर्छ । नेपाली समाज धेरै अगाडि बढिसकेको छ । कुनाकन्दराबाट यदाकदा जहानियाँ राजतन्त्रका बोली आउने गरे पनि आम जनताको मूलधार अहिले गणतान्त्रिक नै छ र अझ विभेदरहित समतामूलक समाजको अपेक्षा गर्ने नयाँ पुस्ता हावी हुँदै गएको सन्दर्भमा फेरि पनि एउटै परिवार र त्यो पनि छोराले मात्रै शासन सञ्चालन गर्ने पितृसत्तात्मक पारिवारिक शासन व्यवस्थाको पक्षमा जनमत बन्ने अवस्था कमजोर हुँदै गएको छ । यो नै संविधानको सबल पक्ष हो ।

पछिल्लो समय संविधान संशोधनको चर्चा पनि गर्ने गरेका छन् । त्यसमा पनि अझ अहिलेको सत्ता गठबन्धन संविधान संशोधनकै एजेण्डामा सहमत भएर एक ठाउँमा आएकाले सार्वजनिक खपतका लागि उनीहरुले यो चर्चा गरिरहन सक्छन् । त्यसो त संविधानलाई थप परिष्कृत र अझै अग्रगामी बनाउन संशोधन नहुने विषय पनि भएन । तर समग्रमा अहिलेको अवस्था हेर्दा संविधानमा नभई संविधानको कार्यान्वयनमा र खासगरी राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यशैलीमा प्रश्न उठेकाले यो समस्या संविधान संशोधनबाट समाधान हुने देखिदैन । अहिलेको ठूलो समस्या भनेको संविधान कार्यान्वयनमा तदारुकताको अभाव हो । सरकार बन्ने र भत्काउने क्रमले प्राथमिकता पाए पनि संविधान कार्यान्वयनले प्राथमिकता नपाउनु अहिलेको मूल समस्या हो । संविधान कार्यान्वयन गर्नु भनेको संघीयता सुदृढ गर्नु हो ।

संविधानका प्रावधान परिवर्तन आवश्यक छ भने त्यो पनि ठीकै छ तर अझ महत्वपूर्ण सवाल त संविधान कार्यान्वयन गर्ने पक्षहरुको सोच र शैली परिवर्तन आवश्यक छ । संविधान जारी भएको दश वर्ष प्रवेश गरेकाले यो वर्षलाई संविधान कार्यान्वयनको समीक्षा वर्षको रुपमा लैजान आवश्यक देखिन्छ । यदि समीक्षा गर्दा संविधानका कुनै प्रावधान कार्यान्वयन गर्न नसकिने हो भने त्यसपछि बल्ल संविधानकै समीक्षा गरेर संशोधनको बाटोमा अघि बढ्न उचित हुनेछ । यसबाट मात्र आम जनताको आवाज समेटिन सक्दछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# नेपालको पर्यटन : हिजो र आज



◆ अच्युत प्रसाद पौडेल

देशले हरेक वर्ष असोज ११ गते पर्यटन दिवस मनाउँछ तर पर्यटन क्षेत्रलाई वृद्धि गर्ने मनसायले खुलेका यहाँका दुई ठूला विमानस्थलहरू खासै सञ्चालनमा आउन सकेका छैनन् । पोखरा र भैरहवामा निर्माण भएका यी नवनिर्मित विमानस्थलका लागि छोटो दूरीको रूट पर्मिट छिमेकीले दिएको छैन ।

हालै मात्र पनि दिल्लीमा सम्बद्ध दुवै पर्यटनमन्त्रीहरूको भेटघाट भयो, कुराकानी पनि भयो तर आश्वासन मात्रै प्राप्त भएको छ । धेरै पर्यटक आएका छन् यहाँ तर तिनको औसत बसाइ र यहाँ गरिने खर्चमा वृद्धि हुन सकेको छैन । अथवा भनौं नेपालीहरू विदेशिएर उतै गर्ने खर्चमा भने बढोत्तरी भएको छ । वास्तवमा पर्यटन, टुरिस्ट, पर्यटक, टुरिजम आदि फ्रेन्च शब्द हो । १९ औं शताब्दीदेखि यो शब्दले प्रश्रय पाएको हो । पर्यटक भनौं वा टुरिस्ट शब्द लेटिन भाषा हो, कुनै काम वा उद्देश्यले मुलुकभित्र वा बाहिर घुम्न जाने व्यक्ति वा समूह भनेको पर्यटक हो । पर्यटक आन्तरिक र बाह्य दुई थरीका हुन्छन् । पर्यटन भन्नु र पर्यटक भन्नु पर्याय हुन् । डब्लु.टी.ओ.को परिभाषामा स्वदेश वा विदेशमा बिदा, बिजनेस वा कुनै मिसनले भ्रमण गर्नेलाई पर्यटक भनिन्छ । समय भने १ देखि सय दिनसम्मको बसाइको उद्देश्य हुन्छ ।

भ्रमणको क्रम वि.सं. १९०६ मा श्री ३ जंगबहादुर राणाको बेलायत यात्रा, उनका टिममा ५० औं जना यात्रु रहेका र त्यसपछि भारत-नेपाल, बेलायतमा दूतहरूको आदान-प्रदान भएको पाइए पनि वि.सं. २००७ सम्म नेपालले बाह्य क्षेत्रमा ठूलो प्रगति हासिल गरेको देखिँदैन । वि.सं. २००८ मा नेपाल विश्व पर्यटन संघको सदस्य बनेको र वि.सं. २०१४ मा पर्यटन बोर्ड, वि.सं. २०१६ मा पर्यटन निर्देशनालय, वि.सं. २०१८ मा पर्यटन विभाग, वि.सं. २०२८ मा पर्यटन विकास समिति, वि.सं २०३३ मा पर्यटन मन्त्रालय, वि.सं. २०३५ मा पर्यटन ऐन, वि.सं. २०५२ मा पर्यटन नीति आउनुले सांगठनिक स्वरूपको इतिहास तय हुँदै आएको हो ।

मुलुकको चौधौँ योजनाको अन्त्यसम्म विदेशी पर्यटक आगमनको संख्या १२ लाख पुऱ्याउने, विदेशी पर्यटकको बसाइ अवधि सरदर १५ दिन पुऱ्याउने, सरदर दैनिक खर्च ६० अमेरिकी डलर पुऱ्याउने लक्ष्य थियो । हिमाली, पहाडी र तराईका भौगोलिक विविधता, समुद्र सतहदेखि ७० मि. मात्रको उचाइ पनि यहीँ रहेको र विश्वका दुर्लभ पाटेबाघ, काँडेभ्याकुर, धेरै प्रजातीका चरा, जीवित देवी कुमारी र असंख्य चाडपर्व, जात्राहरूले नेपाल र नेपालीको छुट्टै चिनारी दिएको छ । हालसम्मका योजनाहरूले यसलाई निरन्तरता दिएका छन् तर देशको मौसमलगायत यहाँका पूर्वाधारहरूले विदेशीहरूलाई गिज्याइरहेका छन्, भयंकर दुर्घटना, विपत्ति, हवाई र स्थलमार्गहरूप्रति हाम्रो नेतृत्व बेखबर छ ।

धेरै पर्यटक आउने काठमाडौँ एयरपोर्टबाटै हो । यसको पुरानो नाम गौचर मैदान हो, जहाँ गाईवस्तुहरू चर ाउँथ्यौँ हामी, अहिलेको नेतृत्व काठमाडौँ पसिसकेको थिएन । सन् १९४९ मा यो हवाई मैदानमा परिणत भयो । अहिले यो सुन तस्करीको केन्द्र र सहकारीका ठेकेदारहरूलाई मलेसिया पठाउन केन्द्रित छ, मात्रै होइन घरगोठ खाली गराएर दैनिक हजारौँ युवा निर्यात गर्ने स्थल बनेको छ, युवा रोजगारीको फोस्रो नारा दिने लोकतन्त्रले गत आ.व.मा मात्रै पनि ७ लाख नेपालीलाई निर्यात गरेको छ, यो श्रावणमा मात्रै पनि ६० हजारलाई । तिनले पठाएका रकमले यहाँ चिल्ला गाडी चढ्ने गरेका छन् राजनीतिक कार्यकर्ताहरू, अनि विदेशमा मर्ने नेपालीहरू धेरै आत्महत्याका छन् । सुन्दर देशलाई लोकतन्त्रले कुरूप बनायो भन्दा कुनै अत्युक्ति हुन्न र यहाँको दैनिक खाद्यान्नलाई विदेशीले कोटा तोक्ने गरेका छन्, यहाँ तारे होटलको संख्या बढेको छ तर खासै प्रयोगमा देखिन्न । यहाँ अवतरण भएको पहिलो विमान वीच क्राफ्ट बोनान्जा हो । यहाँबाट उडेको पहिलो विमान सन् १९५० को फेब्रुअरी २०, हिमालय एभिएसनको डकोटा हो, जसले कोलकाताको लागि उडान भऱ्यो । सन् १९५५ मा राजा महेन्द्रले यहाँको औपचारिक उद्घाटन गरे, अहिले विश्व विद्यालय, एकेडेमी, दलको पार्टी प्यालेस भएझैँ यो विमानस्थल पनि दलको भर्तीकेन्द्र भएको छ ।

सन् १९६४ मा यसको नाम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भयो । सन् १९६७ मा जर्मनीको लुफ्थान्सा एयरलाइन्सको बोइङ ७०७ जेट पहिलो अवतरण भयो यहाँ । सन् १९७२ देखि मात्रै यो विमानस्थल व्यापारिक प्रयोजनमा आयो । यसको कुल यात्रु क्षमता ९२ लाख हो र सन् २०१८ सम्ममा ७२ लाख यात्रुले सेवा लिएको तथ्यांक छ। कोभिडमा यो थला पऱ्यो । पंक्तिकार यो क्षेत्रको भुक्तभोगी हो र पुरानो बानेश्वर भीमसेनगोला हुँदै हालको एयरपोर्टबाट सीधै काँडाघारी निस्केर भक्तपुरको यात्रा तय गरिन्थ्यो । धेरै त पैदल नै । विमानस्थलको नाकैमा अस्ति श्रावणतिर विमान जल्यो, धेरैको रामनाम सत्य भयो । ३४-३५ सालतिर कोटेश्वरको बस्ती उठाइयो। विमानस्थलको क्षेत्र व्यापक भयो र त्यहाँका बासिन्दा नयाँ बस्ती वा हालको कपनतिर विस्थापित भए । हाल देशमा ३ नेपालीसहित अन्य ३ वटा वायु सेवाका कम्पनीहरूले अन्तर्राष्ट्रिय उडान भर्ने गरेका छन् यहाँबाट । आन्तरिकतर्फ दुईतर्फी दैनिक २७० वटासम्म उडानमार्फत १४ हजार बढी यात्रुले सेवा लिँदै छन्। गतवर्षको दशैँदेखि ७३ वर्षको इतिहासमा विमानस्थल पूर्ण क्षमतामा सञ्चालित भनियो, रातमा निद्रा बिगार्ने गरी कराउँछन् जहाजहरू हिजोआज यहाँका ।

पर्यटन विस्तारकै लागि वायु सेवा निगमले विमान किन्ने भन्छ, तर उसलाई अहिले नै ४८ अर्ब बढीको ऋणभार छ । उडान नियमित र भरपर्दो छैन, भाडादर महँगो छ । राजनीतिले यसलाई खोक्रो बनाइसकेको छ । निजी विमान नाफा नआउने भए चल्न मान्दैनन् । एसियाको ढोका भनिएको थाइल्यान्डको थाई एयर र हाम्रो एनए एकैपल्ट आएका हुन् तर थाई एयर संसारभरि चराझैँ लगातार उडिरहन्छ । यता भने आइकाओको सुर क्षा सूचीबाट नेपाल हटेको भनिए पनि युरोपेली संघ (इयु)को कालो सूचीबाट हट्न सकेको छैन । वातावरण प्रदूषणमै सहयोगी हुने बारामा अर्को विमानस्थल बनाउन पाइएन भनेर रोइलो गर्दै छन् नेताजीहरू, २४ लाख बढीको रूख नै कटान हुन्छ त्यहाँ एयरपोर्ट बनेमा । विदेशी आयात, स्वदेशी निर्यात, यही गोलचक्करमा फसेको छ हाम्रो लोकतन्त्र । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनकै क्रममा विमान दूर्घटना भयो । दर्जनौं यात्रुहरूको अवसान भयो । विमानस्थल बन्ने होडबाजी छ । देशैभरि ५३ विमानस्थलमध्ये २० वटा त सञ्चालनमै छैनन् । चलेको विमानस्थलबाट पनि २-४ जना यात्रु लिएर विमान उडेको अवस्था छ । विमानस्थलसम्म पहिले त सडककै पहुँच छैन । विराटनगर विमानस्थलको ४० कि.मि. दूरीमा धरानमा विमानस्थल बनाउने नेताहरूको प्रतिस्पर्धा सुनिन्छ । वाग्लुङलगायत दुर्गममा नियमित उडान छैन । जहाजहरू नचल्दै जीर्ण बन्ने गरेका छन् । रेल ल्याएर घुम्टो ओढाएर राखियो । चल्न थाल्दा घाटामा गएको छ । कन्चनपुर, दीपायलको विमानस्थलमा वस्तु चरेको पंक्तिकारले प्रत्यक्ष देखेकै हो। आन्तरिकमा निजीहरूका १५ बढी विमानहरूले यात्रु ओसारपसार गरे पनि सधैँ यात्रु पर्याप्त छैनन् । धनगढी-काठमाडौँको टिकट काठमाडौँ दिल्लीभन्दा महँगोमा यात्रा गरेको पंक्तिकारकै अनुभव छ । त्यो पनि भनेको बेला टिकट नपाएर तलबाटै आतेजाते धेरैपल्ट गरिएको हो ।

भैरहवाको कुरा गर्दा वि.सं. २०२३ फागुन १७ गते युवराज वीरेन्द्रले भैरहवा विमानस्थलको उद्घाटन गरे । अढाइ वर्षअघिदेखि यो गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भएको छ । पहिले भारतीय सहयोगमा बनेको हो यो । ०७१ माघमा प्र.म. सुशील कोइरालाबाट उद्घाटित यो विमानस्थल ०७४ पुसमै बनिसक्नुपर्ने थियो तर ०७९ असारमा मात्रै पूरा भयो, ५ वर्षपछि। एडीबीको ऋण सहयोगमा निर्मित यो विमानस्थल चिनियाँ कम्पनी नर्थ वेष्ट सिभिल एभिएसन एयरपोर्ट कन्स्ट्रक्सनबाट बनेको हो । शुरू लगानी अनुमान ६ अर्ब २२ करोड हो, जग्गा मुआब्जामै २३ अर्ब खर्चियो । सम्पन्न हुँदा ८ अर्ब ८२ करोड लाग्यो। यसका वरिपरि धेरै होटलहरू छन् । बजार थापेर बसेका तिनले नै ४० अर्ब बढी खर्चिए रे । समग्रमा त्यस आसपासको ६० अर्ब लगानी डुब्न लाग्यो। विमानस्थल सञ्चालनमा आएन भन्दै गतवर्ष नारा, जुलुस, धर्ना सबैथरी भयो ।

उद्घाटनको डेढ वर्षमा ४२४ मात्र उडान भयो । विमानस्थलकै आम्दानी नगन्य रह्यो र अहिले पनि सिमराको आकाशबाट भैरहवा, पोखरा जाने गरेका छन् विमानहरू लामो दूरी पार गर्दै । छिमेकीसँग कुरा गर्ने साहस भएन हाम्रो । देशमा संघीयता, गणतन्त्र आएदेखि कुनै उद्यमी व्यवसायी सुरक्षित नभएको धेरै केसहरू छन् । भद्दा राजनीति घटाऊ भन्दै दैनिक सडकमा विरोध छ । इन्द्रजात्रामा महानगर प्रमुख उपस्थित भएनन् । विगतमा उनले विदेशी पर्यटकसमेत राखेर कुमारी जात्रा भव्यरूपमा सञ्चालन गरे । यस वर्ष उनका समर्थकलाई प्रहरीले नियन्त्रणमा लियो । सिंहदरबार र काठमाडौँको दूरी

*बाँकी पेज ३ मा*

# शरीरमा कति हुनुपर्छ रक्तचाप, सुगर र कोलेस्टेरोलको लेभल ?



सामान्यतया मानिसले स्वस्थ रहन रक्तचाप, सुगर लेभल र कोलेस्टेरोल तीन कुरामा बढी ध्यान दिनुपर्छ । यी तीनमध्ये एउटा पनि अनियन्त्रित भयो भने विभिन्न स्वास्थ्य समस्या निम्तिन थाल्छ । यी तीनवटै कुराको सम्बन्ध मुटु र मस्तिष्कसँग हुन्छ ।

सुगर र उच्च रक्तचापको डिजिटल मेसिनबाट घरमै बसेर जाँच गर्न सकिन्छ । कोलेस्टेरोलको लागि भने र गत परीक्षण गर्नुपर्ने हुन्छ । स्वास्थ्यमा कुनै खतरा नहोस् भनेर समय–समयमा यी तीन कुरामा ध्यान दिनुपर्छ । यससँग सम्बन्धित केही महत्त्वपूर्ण कुरा थाहा हुनुपर्छ । रक्तचाप, सुगर लेभल र कोलेस्टेरोल यी तीन कुरालाई सामान्य राखियो भने धेरै गम्भीर रोगबाट बच्न सकिन्छ । यदि रक्तचाप बढ्यो भने यसले मुटु र मस्तिष्कमा गम्भीर क्षति पुर्‍याउँछ । यदि सुगरको मात्रा बढ्यो भने शरीरका सबै अङ्गहरू बिग्रन थाल्छन् र कोलेस्टेरोल बढ्यो भने हृदयघात समेत हुनसक्छ । त्यसैले यी तीन कुरा नियन्त्रणमा हुनुपर्छ ।

### कति हुनुपर्छ रक्तचाप ?

वयस्कको सामान्य रक्तचाप १२०/८० एमएम एचजी हुनुपर्छ । जब रक्तचाप १३०/१८० माथि जान्छ, यसलाई रक्तचाप बढेको वा उच्च रक्तचाप भएको मानिन्छ । उच्च रक्तचापको अवस्थामा रक्तनलीहरूमा दबाब बढ्छ । उच्च रक्तचापको सबैभन्दा ठूलो कारण मोटोपन, तनाव, अस्वस्थ जीवनशैली वा आनुवंशिक कारकहरू हुन् । उच्च रक्तचापको लामो समयसम्म उपचार गरिएन भने यसले हृदयघात, स्ट्रोक र मिर्गौला सम्बन्धी समस्याको जोखिम बढाउन सक्छ । त्यसैले रक्तचापलाई नियन्त्रणमा राख्नुपर्छ । डिजिटल मेसिनको सहायताले घरमै बसेर सजिलै रक्तचाप जाँच गर्न सकिन्छ ।

### ब्लड सुगर लेबलको सामान्य स्तर कति हो ?

'फास्टिङ' खाली पेट जाँच गर्दा र गतमा चिनीको मात्रा ७० देखि ९९ मिलिग्राम/डीएलसम्म हुन्छ । यदि फास्टिङ ब्लड सुगर १०० देखि १२० मिलिग्राम/डीएलको बीचमा छ भने यसलाई प्रि–डाइबिटिज मानिन्छ । फास्टिङको रगतमा सुगरको मात्रा १२६ मिलिग्राम/डीएल वा सोभन्दा बढी हुँदा मधुमेहको अवस्था हुन्छ ।

खाना खाएपछि रगतमा चिनीको सामान्य स्तर १४० मिलिग्राम/डीएल भन्दा कम हुनुपर्छ । यदि यो १४० देखि १९९ मिलिग्राम/डीएलको बीचमा छ भने यो प्रि–डाइबिटिजको लक्षण हुनसक्छ । तर खाना पछि २०० मिलिग्राम/डीएल वा सो भन्दा बढी छ भने यसलाई मधुमेह मानिन्छ ।

शरीरले इन्सुलिनको उचित प्रयोग गर्न नसकेमा वा शरीरमा पर्याप्त मात्रामा इन्सुलिन उत्पादन गर्न नसक्दा यो अवस्था आउन सक्छ । नियमित स्वास्थ्य परीक्षण र राम्रो जीवनशैली अपनाएमा मधुमेहको समस्याबाट बच्न सकिन्छ । डिजिटल ग्लुकोमिटर मेसिनबाट घरमै बसेर सुगर लेबल पनि जाँच गर्न सकिन्छ ।

### कोलेस्टेरोल स्तर कति सामान्य हो ?

राम्रो कोलेस्टेरोल (एचडीएल), खराब कोलेस्टेरोल (एलडीएल) र कुल कोलेस्टेरोलको आधारमा शरीरमा कोलेस्टेरोलको मात्रा नापिन्छ । शरीरमा राम्रो कोलेस्टेरोलको स्तर ४० मिलिग्राम/डीएल भन्दा बढी हुनुपर्छ । खराब कोलेस्टेरोलको स्तर भने १०० मिलिग्राम/डीएल भन्दा कम हुनुपर्छ ।

यदि शरीरमा कुल कोलेस्टेरोलको स्तर २०० मिलिग्राम/डीएल भन्दा कम छ भने यो सामान्य मानिन्छ । यदि यो २०० देखि २३९ मिलिग्राम/डीएल यसलाई सीमारेखा मानिन्छ र यदि यो २४० वा बढी छ भने यसलाई उच्च कोलेस्टेरोल मानिन्छ । शरीरमा ट्राइग्लिसराइडको मात्रा धेरै हुनु हुँदैन । कोलेस्टेरोलको जाँच भने घरमै गर्न सम्भव हुँदैन । त्यसैले यसको स्तर थाहा पाउन समय–समयमा अस्पताल गएर रगत परीक्षण गर्नुपर्छ ।

## नेपालको पर्यटन ... . . .

धेरै बढेको छ । शायद संघीयताको असल नमुना होला यो ।

अन्त्यमा, आइकाओ भन्छ–नेपालको हवाई यात्रा सुरक्षित हुनुपर्छ । १० वर्ष बढी भयो आइकाओले समय दिएको, अल्टिमेटम नै थियो । सन् २०१३ देखि नै उसले भनेको हो, हवाई उडानको विश्वव्यापी मान्यता, मापदण्ड र तिनको सुरक्षा । ईयुले त युरोप उडान निषेध नै गरेको छ । कालो सूचीबाट हटेको छैन । हाम्रो सुरक्षा चासो कम रह्यो। उडानमा अनियमितता, सुरक्षा प्रणाली भरपर्दो नभएको, यसमा निजी कम्पनी पनि दोषी रह`। नियमन गर्ने निकाय हवाई उड्डयन प्राधिकरण नै गम्भीर बनेन । पहिले यो हवाई विभाग थियो, अब स्वतन्त्र भनिएको प्राधिकरण बनेको पनि दशकौँ भइसक्यो । नियमन गतिलो रहेन । उडानसम्बन्धी कमजोर नीति र उडानको योग्यतामै प्रश्न खडा भइरहेको छ ।

कालो सूचीबाट हट्ला भन्ने अनुमान थियो, तर छैन । सानो देश सिंगापुरको अन्तर्राष्ट्रिय चाँगी विमानस्थल र त्यहाँका गगनचुम्बी महलहरूले विश्वकै मन खिचेको छ । छिमेकी हङकङ शहर र न्यूयोर्कको म्यानहाटभन्दा कम छैन सिंगापुर । इजरायल कृषिमा कति अब्बल छ । अमेरिकामा चरासरि हवाईजहाज उडिरहन्छन् । तर कीर्तिमानी आरोही, अक्सिजनविना नै १० पटकसम्म सगर माथा आरोहण गर्ने सोलुका हिममानव आङ्गिता शेर्पालगायत पर्यटनमन्त्रीकै हवाई दुर्घटनाबाट मृत्यु हुने देश हो हाम्रो । हवाई दुर्घटना सबै बताउँदा आङ जिरिङ्ग गर्छ । यति भनौँ, महाभूकम्पभन्दा कम छैन यो । प्राकृतिक र मानवनिर्मित घटना बढेका छन्, यसमा नेतृत्वको चासो हुनुपर्छ ।

# टाउको दुख्ने अनेक कारण

'कस्तो टाउको दुखिरहेको छ' भन्ने मानिस हाम्रा वरपर प्रसस्त भेटिन्छन् । सायदै मान्छे होलान् जसको कहिल्यै टाउको नदुखेको होस् । टाउको दुख्नुका विभिन्न कारण हुन सक्छन् । कुनै कारण सामान्य हुन्छन् त कुनै जटिल । 'टाउको दुखेको त हो नि' भनेर लापर बाही कहिल्यै नगर्नु होला । कहिलेकाहीँ तनावले टाउको दुख्नु सामान्य नै हो । तर, टाउको दुख्ने समस्यालाई सधैँ सामान्य ठानेर बस्दा यसले पछि जटिल समस्या पनि निम्त्याउन सक्छ । सामान्य रूपको टाउको दुखाइको समय परिवर्तन हुँदै गयो भने चिकित्सकको सल्लाह लिनुपर्छ । जस्तै, बिहान मात्र दुख्ने टाउको बेलुका पनि दुख्न थाल्यो, कम दुख्ने टाउको बढी दुख्न थाल्यो भने सावधानी अपनाउनुपर्छ । निरन्तर टाउको दुख्ने समस्या छ भने पछि गएर ब्रेनमा पानी जम्ने, ट्युमर पलाउने, रगत जम्ने सम्भावना उमेरअनुसार बढ्दै जान्छ ।

उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्टेरोल भएका बिरामीले टाउको दुखाइमा विशेष सावधानी अपनाउनुपर्छ । टाउको दुखाइ मात्र हो कि सँगसँगै अन्य समस्या पनि छन् भन्नेमा ध्यान दिनुपर्छ । जस्तै, कोही टाउको दुखाइसँगै बेहोस हुने गर्छन्, त्यो समस्या जटिल हुन सक्छ । बेहोस हुनका पनि विभिन्न कारण हुन्छन् । कतिपय सामान्य बेहोसी हुन्छन् । तर, कतिपय अवस्थामा टाउको दुखाइको असरले बेहोस हुने पनि हुन्छन् । केही मानिस टाउको दुखाइ सहन नसकेर बेहोस हुन्छन् भने कोही ब्रेन ट्युमर, रगत जमेर, पानी जमेर बेहोस हुने गर्छन् । छारेरोगमा पनि टाउको दुखाइ हुन्छ । छारेरोगको उपचारपछि टाउको दुखाइ पनि ठिक हुन्छ ।

नशाको रोगका कारण पनि टाउको दुखाइ हुने गर्छ । नशा सम्बन्धी समस्या लिएर आउने ५० प्रतिशत बिरामीलाई टाउको दुख्ने समस्या हुन्छ । टाउको दुखाइका विभिन्न कारणमध्ये सबैभन्दा बढी देखिने कारण चाहिँ तनाव हो । तनावका कारण हुने टाउको दुखाइ खासगरी मानसिक तथा शारीरिक धपेडीले हुन्छ । हरेक मानिसका आफ्ना समस्याअनुसारको तनाव हुन्छ । तनावको उपचार दुई तरिकाको गर्न सकिन्छ । एक, बिरामी आफैँले र अर्को चिकित्सकीय । बिरामीले आफैँ प्रयास नगरेसम्म चिकित्सकको एकल प्रयासले तनाव ठिक हुँदैन । तनाव हुने व्यक्तिले सर्वप्रथम तनाव कम गर्नुपर्छ । तनाव बढी भए शरीरलाई पनि असर गर्छ ।

टाउको दुखाइको अर्को कारण माइग्रेन हो । टाउकोमा एक किसिमको नशाको कमजोरीका कारण माइग्रेन हुन्छ । माइग्रेनमा अकस्मात टाउको दुखाइ सुरू भएर घन्टौँ वा लगातार केही दिनसम्म दुख्ने हुन्छ । र, दुखाइ विस्तारै कम हुँदै जान्छ । हर्मोनको अस्थिरताले गर्दा माइग्रेन पुरूषमा भन्दा बढी महिलामा देखिन्छ । हर्मोनको मात्रा पुरूषमा भन्दा महिलामा बढी असन्तुलित हुने हुँदा महिलामा माइग्रेन धेरै देखिएको हो । १०–१२ वर्षपछि महिलामा शारीरिक परिवर्तन सुरू हुन्छ, त्यसपछि महिनावारी हुन्छ । महिनावारी र गर्भवतीको समयमा हर्मोन परिवर्तन हुन्छ । त्यसैगरी, बच्चा जन्मिएपछि पनि हर्मोन परिवर्तन हुन्छ । यसै क्रममा ४०–४५ वर्षपछि महिनावारी सुक्ने समयमा पनि हर्मोन परिवर्तन हुन्छ । हर्मोन परिवर्तन भइरहने हुनाले महिलामा माइग्रेन बढी देखिएको हो । प्रायः माइग्रेनका बिरामीले एक महिना औषधी सेवन गरेपछि ठिक भएको महसुस गर्छन् र औषधि बन्द गर्छन् । यसले टाउको दुखाइ बल्झिन सक्छ । त्यसैले नियमित औषधि सेवन माइग्रेनबाट बच्ने एकमात्र उपाय हो ।

कहिलेकाहीँ रूघाखोकी, ज्वरो, पिनासका कारण पनि टाउको सामान्य दुख्ने गर्छ । यस्तो दुखाइ साधारण र खतरा नभएकाले सामान्य उपचारपछि ठिक हुन्छ । यी बाहेक शरीरको अन्य कुनै भागको असरका कारण पनि टाउको दुख्न सक्छ, जसलाई सेकेन्डरी टाउको दुखाइ भनिन्छ । जुनै कारणले पनि टाउको दुखेको हुन सक्छ । तर, समस्या बल्झिँदै गएपछि त्यसले जटिलता थप्नेबाहेक केही गर्दैन ।




## थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# आधा घण्टामै हेटौंडा उपमहानगरको विशेष नगरसभा स्थगित




◆ विकास संवाददाता

समायोजनको लागि माग गरिएको विशेष नगरसभा करिब आधाघण्टा बसेर स्थगित भएको छ । सभामा विशेष नगरसभा माग गर्ने बहुमत सदस्यको तर्फबाट एकजना र उपमहानगरको तर्फबाट एकजना नगरसभा सदस्यले धारणा राखेपछि नगरप्रमुख मीनाकुमारी लामाले सभा स्थगित गरेकी हुन् ।

सभाको अध्यक्षता गरेकी लामाले नगरसभाको पुनः अर्को बैठक १५ असोजका लागि तय गर्दै सभा स्थगित गरेकी हुन् । नगरप्रमुख लामाले सभा सुरू भएपछि नगरसभा बोलाउनुपर्ने औचित्य पुष्टि गर्नका लागि नगरसभा माग गर्ने सदस्यको तर्फबाट ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देल र उपमहानगरकातर्फबाट धारणा राख्न प्रवक्ता सविन न्यौपानेलाई समय दिएकी थिइन् । नगरसभामा कडा सुरक्षा व्यवस्था अपनाइएको थियो । उपमहानगरको कार्यालय भवन पछाडि निर्माण भइरहेको सभाहलमा नगरसभा राखिएको थियो । कार्यालयको गेटमा नगरप्रहरीले कडा सुरक्षा दिएका थिए । मिडियाकर्मीलाई समेत प्रवेशमा रोक लगाइएको थियो ।

सभामा विशेष नगरसभा बोलाउनुपर्ने औचित्यबारे र चालू आर्थिक वर्ष २०८१/८२ का लागि वृद्धि गरिएको कर समायोजनका सम्बन्धमा कानुनी जटिलताक विषयमा करिब आधा घण्टा छोटो धारणा प्रस्तुत भएको थियो । दुई सदस्यले बोलेलगत्तै नगरप्रमुख लामाले ५२ औं कार्यपालिका बैठकबाट उपप्रमुखको संयोजकत्वमा कार्यदल बनेकाले सो कार्यदलले आवश्यक तयारी गर्न नभ्याएकोले कानुनतः सबै तयारी गरी छलफल गर्नेगरी आगामी १५ असोजमा बैठक बोलाउने गरी बैठक स्थगित गरेको नगरसभाका एक सदस्यले जानकारी दिए । उपमहानगरको गत मंगलबार बसेको नगरकार्यपालिका बैठकले राजस्व परामर्श समितिका संयोजकसमेत रहेका उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो ।

# राक्सिराङ सरकार मल्ल भन्छन् चेपाङ बस्ती पुग्ने पुल बनाउन संघ सरकारले कुरै सुनेन

◆ विकास संवाददाता

लोथर खोलामा पक्की पुल नबन्दा मकवानपुरको राक्सिराङ गाउँपालिकाका तीन वडाका बासिन्दाले वर्षायाममा कष्ट व्यहोर्दै आएका छन् । चितवनको राप्ती नगरपालिका-११ र मकवानपुरको राक्सिराङ गाउँपालिका-६ खरखन्डेको बीचमा पर्ने लोथर खोलामा पुल नबन्दा वर्षायाममा सवारी साधन आउजाउ गर्न समस्या भएको हो ।

पुल अभावमा विगत दुई महिनादेखि सवारी साधन आउजाउ गर्न ठप्प भएका छन् । 'अहिले त मोटरसाइकल बोकेर खोला पार गर्नुपर्ने अवस्था आएको राक्सिराङ गाउँपालिका-६ सिलिङ्केका दिनेश चेपाङले भने, 'खोला अलि घटेको समयमा मोटरसाइकल बोकेर खोला पार गर्ने गरिएको छ, एउटा मोटरसाइकल खोला तारेको युवाहरूले २ हजार रूपैयाँसम्म लिने गरेका छन् ।'

लोथर खोला उर्लिएका बेला यहाँबाट सवारी साधनहरू आउजाउ गर्न सक्दैनन् । राक्सिराङ गाउँपालिकाका ६, ७, ८ र ९ नम्बर वडाका बासिन्दालाई यही खोला तरेर आउजाउ गर्नुपर्ने बाध्यता छ । उक्त क्षेत्रमा विकास निर्माण गर्ने सामग्री हुन् वा खाद्यान्न, यही खोला पार गरेर ढुवानी गर्नुपर्छ । त्यति मात्र होइन, गाउँमा उत्पादित कृषिजन्य सामग्री पनि यही खोला पार गरेर लैजानुपर्छ । तर वर्षायाम लागेपछि लोथर खोलाका कारणले सवारी साधन संचालन हुन सक्तैनन् ।

चितवनको भण्डारा हुँदै सवारी साधनहरू सिलिङ्गे, दामराङ, खरखन्डे, सिलाङ्धुनीलगायत बस्तीमा आउजाउ गर्छन् तर लोथर खोलाका कारणले वर्षायाम लागेपछि सवारी साधन ठप्पै हुन्छन् । २ वर्षअघि उक्त क्षेत्रमा झोलुंगे पुल बनेकाले राक्सिराङ गाउँपालिकाका खरखन्डे क्षेत्रका विद्यार्थीलाई स्कुल आउजाउ गर्न भने त्यति समस्या छैन । राप्ती नगरपालिका-११ स्थित थालकटारमा र हेको माविमा खरखन्डे र सिलिङ्केको तल्लो भेगका विद्यार्थी पढ्न आउने गर्छन् ।



उक्त झोलुंगे पुल नबन्दासम्म वर्षायाममा लोथर खोला तर्न नसकेर उनीहरूको पढाइ प्रभावित हुँदै आएको थियो । 'पक्की पुल नबन्दा वर्षायाममा बिरामीलाई उपचार का लागि एम्बुलेन्समा ल्याउन पनि समस्या छ,' चेपाङले भने ।

अधिकांश चेपाङ समुदायको बस्ती रहेको उक्त चार वडाका बासिन्दाको मुख्य समस्या नै लोथर खोलाको पुल रहेको छ । उक्त क्षेत्रमा पक्की पुल निर्माण गर्न राक्सिराङ गाउँपालिकाले प्रदेश र संघीय सरकारसँग माग गर्दै आएको तर सुनुवाइ नगरेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । 'त्यत्रो ठूलो पक्की पुल बनाउन हामीसँग बजेट छैन,' उनले भने, 'तर, लोथर खोलामा पुल नबनाएसम्म वर्षायाममा गाउँलेलाई समस्याले छोड्ने छैन ।'

## २५ हजार जरिवाना लगाइयो

◆ विकास संवाददाता

हेटौंडामा चाडपर्व लक्षित बजार अनुगमन सुरू भएको छ । हेटौंडा उपमहानगरपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय, खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय, घरेलु उद्योग वाणिज्य कार्यालय र उपभोक्ता हितसंरक्षण मञ्चको संयुक्त बजार अनुगमन सुरू भएको हो ।

अनुगमनका क्रममा हेटौंडा-४, पारिजातपथस्थित दाजुभाइ फाष्टफुडलाई संयुक्त बजार अनुगमनको क्रममा उपमहानगरपालिकाले २५ हजार जरिवाना गराएको छ ।

डेंगी ज्वरो
(DENGUE FEVER)

डेंगी ज्वरो संक्रमित लामखुट्टेबाट सर्ने कीटजन्य रोग हो । डेंगी 'एडीस' प्रजातिका लामखुटेको टोकाइबाट सर्छ, जसले प्रायः गरेर दिनमा टोक्दछन् । एडीस लामखुट्टेले पानी जम्ने स्थानहरूमा फुल पार्छ र यसरी लामखुट्टेको वृद्धि विकास हुन्छ ।

लक्षणहरू:
ज्वरो आउने
टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
खानपान वा अन्य कामकुरामा रूचि नलाग्ने
वाकवाकी लाग्ने वा बान्ता हुने
थकान महसुस हुने
नाक वा गिजाबाट रगत बग्ने, श्वासप्रश्वासमा समस्या आउने, बान्तामा रगत देखापर्ने, रक्तश्राव हुने

डेंगी ज्वरोको उपचार
- पानी तथा झोलिलो, पोषिलो खानेकुरा प्रशस्त मात्रामा खाने ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर अस्पिरिन र ऐबुप्रोफेन जस्ता दुखाई कम गर्ने औषधि नखाने ।
- पूर्ण आराम गर्ने ।
- डेंगी रोग भएका दीर्घ रोगी, वृद्धवृद्धा, बालबालिका, र गर्भवतीहरुलाई विशेष ध्यान दिनुपर्छ ।
- डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ ।

बच्ने उपायहरू:
घर वरपर, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्मा हुन नदिई सफा राख्नुपर्छ ।
दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ ।
झुल लगाएर मात्र सुत्ने ।
पुरा शरीर ढाक्ने लुगा लगाउने ।
घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN&FLEX PRINT&PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
२०८१ भाद्र ३१ गते सोमबार, 16 Sep., 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



# 'शुद्ध खानेपानीको लागि थाहानगर जहिल्यै सकारात्मक'-प्रमुख प्रशासकीय अधिकृत गिरी

◆ विकास संवाददाता

विकासको प्राथमिकताको मोडल परिवर्तन गरेर भएपनि नागरिकका लागि आधारभूत खानेपानी सेवा पुऱ्याउनुपर्ने थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताएका छन् । नागरिकलाई शुद्ध खानेपानी उपलब्ध गराउने दायित्व सरकारकै भएकोले यसका लागि पालिका प्रतिबद्ध रहेको उनले उल्लेख गरे । थाहा नगरपालिकामा आयोजित राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, खाद्य स्वच्छता, खाद्य सुरक्षा, खाना र पानीबाट सर्ने रोगहरूको रोकथाम विषयक २ दिने अभिमुखीकरणको समापन गर्दै प्रशासकीय अधिकृत गिरीले यस्तो बताएका हुन् ।




प्रमुख प्रशासकीय अधिकृत गिरीले शुद्ध खानेपानीको लागि मुहानको सर सफाई, पानीको उपचार लगायतको कार्य गर्न आम उपभोक्ताहरूको पनि सक्रियता आवश्यक भएको औल्याए । नगरपालिकामा एकीकृत रूपमा खानेपानी सेवा व्यवस्थापनका लागि थाहानगर खानेपानी व्यवस्थापन बोर्ड रहेको हुँदा सबै उपभोक्ताहरूलाई यसैमा आवद्ध हुन आग्रह गरे । उनले भने-'खानेपानीको वितरण, मर्मत सबै कार्य गर्नका लागि सहज हुने भएकोले छरिएर रहेका उपभोक्ता समितिहरूलाई बोर्डमा आवद्ध हुन आवश्यक छ ।' खानेपानी बोर्डको वार्षिक योजना पेश भए अनुसार पालिकाको खानेपानी सेवालाई प्रभावकारी बनाउनका लागि नगरपालिका जहिल्यै सहयोग र सहकार्य गर्न तयार रहेको उनको भनाइ थियो । उनले थाहानगरको खानेपानी व्यवस्थापन गर्ने 'डेडिकेट' संरचना बोर्ड नै भएकोले यसलाई थप बलियो बनाएर अघि बढाउनुपर्ने बताए ।

थाहा नगरपालिकाले खानेपानीका साथै खाद्य सुरक्षा, कृषिमा अन्धाधुन्ध प्रयोग हुँदै आएको विष नियन्त्रणका लागि कार्यक्रमहरू संचालन गर्दै आएको बताए । खानेपानी बोर्ड, स्वास्थ्य शाखा, कृषि शाखालगायत सम्बन्धित शाखाहरूको सक्रियतामा यस्ता सचेतामुलक कार्यक्रमलाई समुदायसम्म पुऱ्याउन निर्देशन दिए ।

थाहा नगरपालिका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले थाहानगरबासीका लागि खानेपानी तथा सरसफाई सम्बन्धी योजना तर्जुमाको लागि समेत अभिमुखीकरण कार्यक्रमले मार्ग निर्देश गरेको बताए । कार्यक्रमबाट समुदायस्तर को समस्या पहिचानमा समेत सहयोग पुगेको बताए । उनले थाहा नगरपालिकामा पोर्टेबल पानी परीक्षण गर्ने उपकरण आवश्यक भएको औल्याए । यसका लागि आगामि आर्थिक वर्षसम्म प्रक्रिया अघि बढाउन सकिने उल्लेख गरे । अधिकांश रोगको प्रवेश खाना र पानीबाट हुने बताउँदै यि दुवै कुरा सँधै स्वच्छ हुनु पर्ने उल्लेख गर्दै आम नगरबासीलाई ध्यान दिन बलामीले अनुरोध गरे ।

कार्यक्रममा सहभागी वृहत खानेपानी उपभोक्ता समिति थाहा-४ का अध्यक्ष ओमकर विष्टले खानेपानीको मुहान क्षेत्रमा चरण बन्देज लगाई तारबार गर्नुपर्ने बताए । दुईदिन सम्म सञ्चालन भएको कार्यक्रम निकै प्रभावकारी भएको उल्लेख गर्दै उनले एसओपी नै बनाएर मुहान सर सफाईका कार्यक्रमहरू कार्यान्वयन गरी समुदायस्तरसम्म सचेतनामुलक कार्यक्रम आयोजना गर्नुपर्ने बताए ।

नागरिकहरूले खाइरहेको पानीको शुद्धताको विषयमा नगरपालिका जानाकार हुनुपर्ने बताउँदै खानेपानी उपभोक्ता समिति थाहा-३ राजकुमार कार्कीले ल्याब परीक्षणका लागि अनुरोध गरे । मापदण्डले तोक अनुसारको समयमा खानेपानी परीक्षणमा नगरले सहयोग गर्नुपर्ने कार्कीको भनाइ थियो । उनले खानेपानीको भौतिक पूर्वाधार व्यवस्थापनमा समेत खानेपानी बोर्डले ध्यान दिनूपर्ने उल्लेख गरे ।

## थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिघालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# १ असोजमा थाहानगरको शंङ्खमूलमा १००८ स्वामी चतुभुजाचार्य आउने

◆ विकास संवाददाता

थाहानगरको प्रशिद्ध धार्मिक स्थल त्रिवेणी शंङ्खमूलमा श्री श्री १००८ स्वामी चतुभुजाचार्य चूडामणि जी महाराज शान्तिधाम मठाधिस आउने भएका छन् । थाहा नगरपालिकाको अगुवाइमा हुने शंङ्खमूल संरक्षण कार्यक्रम अन्तर्गत मठाधिस १ असोजमा शंङ्खमूल आउन लागेका हुन् ।

थाहा नगरपालिका वडा नम्बर ३ स्थित पौराणिक ऐतिहासिक शंङ्खमूलको शास्त्रीय प्रमाणका आधारमा संरक्षण तथा विकास गर्ने उद्देश्यकासाथ आयोजित कार्यक्रम १ असोज विहान ७ बजे हुने थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपालीले जानकारी दिए । कार्यक्रममा सहभागी हुन उपप्रमुख गोपालीले सबैलाई अनुरोध गरेका छन् ।

सो अवसरमा मठाधिसबाट यहाँको महत्व, शास्त्रीय प्रमाणहरू प्रस्तुत गर्ने



कार्यक्रम रहेको र स्थानीयहरू संग छलफल समेत कार्यक्रम रहेको गोपालीको भनाइ छ । विश्वका तीन शंङ्खमूल मध्येको एक रहेको धार्मिक ग्रन्थमा उल्लेख भएकोले यस शंङ्खमूलको थप महत्व रहेको धार्मिक क्षेत्रका जानकारहरू बताउँछन् ।

# वक्तृत्वकलामा समिक्षा र कविता प्रतियोगितामा एलिजा प्रथम




◆ विकास संवाददाता

इन्द्रसरोवर गाउँपालिकामा राष्ट्रिय बाल दिवसको अवसरमा वक्तृत्वकला र कविता प्रतियोगिता सम्पन्न भएको छ । 'बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी' भन्ने मूल नाराका साथ मनाइएको कार्यक्रम अन्तर्गत भएको माध्यमिक तहस्तरीय वक्तृत्वकलामा सरस्वती बालबोधनीकी समीक्षा खत्री प्रथम भएकी छिन् । सोही प्रतियोगितामा वत्सलादेवी माविकी निम्साङ गोले दोस्रो र सरस्वती बालबोधनी मावि मार्खुकी रोशन स्याङ्बो तेस्रो भएकी छिन् ।

त्यसैगरी आधारभूत तहस्तरीय कविता प्रतियोगिता श्री पञ्चकन्या माविकी एलिजा गोले प्रथम भइन् । प्रतियोगितामा श्री कालिका माविकी स्मृती लामा दोस्रो र श्री कालिका माविकी जोसेफ रूम्बा तेस्रो भएका छन् ।

विजयी छात्रछात्राहरूलाई गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, उपाध्यक्ष उमा कुमारी लामालगायतका अतिथीहरूले पुरस्कार वितरण गरेका थिए ।

# थाहामा आत्महत्या विरुद्ध सचेतना कार्यक्रम

◆ विकास संवाददाता

थाहा नगरपालिकाको दुई स्थानमा आत्महत्या रोकथाम सम्बन्धी सचेतना कार्यक्रम गरिएको छ । आत्महत्या रोकथाम सम्बन्धी दिवसका अवसरमा २५ भाद्रमा थाहा नगरपालिकाको स्वास्थ्य शाखाको आयोजना तथा सुरक्षित आप्रवासन कार्यक्रम(सामी)कार्यक्रमको सहकार्यमा नगरपालिकाको सेती गणेश आधारभुत विद्यालय र किटेनीको रूप्से किटेनी टोल बिकास संस्था थाहा-४ मा सचेतनामुलक कार्यक्रम गरिएको हो ।

'आत्महत्या रोकथाम बारे संवाद सुरू गरौः दृष्टिकोण बदलौं' भन्ने नाराका साथ विश्व आत्महत्या रोकथाम दिवस- २०२४ मनाइएको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# हेटौंडाको ४ नम्बर वडा बालमैत्री घोषणा

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । २८ भाद्रमा घोषित वडा उपमहानगरकै छैठौं बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको हो ।

२८ भाद्रमा एक औपचारिक कार्यक्रमबीच उपमहानगर पालिकाकी मेयर मिनाकुमारी लामाले ४ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेकी हुन् ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख लामाले निकट भविष्यमा उपमहानगरलाई नै बालमैत्री शासनयुक्त स्थानीय तह घोषणाको तीव्र तयारी भइरहेको बताइन् । उनले पछाडी परिएका बालबालिकाहरूलाई सक्षम बनाउन उपमहानगर लागि परेको बताइन् । विभिन्न सूचक पूरा गरेसँगै उक्त वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको वडाध्यक्ष नविन सिंदेलले जानकारी दिए ।

'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मुल नाराको साथ वडालाई बालमैत्री वडा घोषणा गरिएको उनको भनाई छ ।

# थाहानगरमा वक्तृत्वकला प्रतियोगिता, नाट्यश्वरकी आकृतिलाई उपाधि

◆ विकास संवाददाता

१११औं विपी जयन्तीको अवसरमा नेपाली काँग्रेस थाहानगर समितीले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा नाट्यश्वर माध्यमिक विद्यालय थाहा १० की आकृती केसी प्रथम भएकी छिन् । प्रतियोगितामा नाट्यश्वरकै सन्जु बस्नेत द्वितीय र बज्रबाराही माध्यमिक विद्यालयकी रमिता वाइवा तृतीय भइन् ।



"लोकतान्त्रिक चरित्र मजबुतीको लागि युवाहरूको भुमिका विषयक प्रतियोगिता नगर स्तरीय अन्तर दशजोड दुई विद्यालयबीच प्रतिस्पर्धा भएको थियो । प्रतियोगिताको निर्णायकहरूमा रामहरी अधिकारी र कुमार नेगीले रहेका थिए ।प्रतियोगितामा थाहानगरका ६ वटा दशजोड दुई विद्यालयका ७ विद्यार्थीले सहभागिता जनाएका थिए । कार्यक्रम स्थित फ्यामिली व्यान्क्वेटमा भएको थियो ।

प्रथम स्थान हासिल गर्ने प्रतियोगिलाई नगद ७ हजारसहित प्रमाणपत्र, द्वितीयले नगद ५ हजार सहित प्रमाणपत्र तथा तृतीय स्थान हासिल गर्ने प्रतियोगिलाई नगद ३ हजारसहित प्रमाणपत्र पुरस्कार वितरण गरिएको थियो । कार्यक्रमका प्रतियोगीहरूलाई बिपि कोइरालाद्वारा लिखित कृति "जेल जर्नल" मायाको चिनो स्वरूप प्रदान गरिएको थियो ।

कार्यक्रम नेपाल सरकारका पूर्व गृह राज्यमन्त्री, नेपाली काँग्रेस बागमती प्रदेश सभापति तथा मकवानपुर जिल्ला प्रदेश सभा २(ख) का सांसद इन्द्रबहादुर बानियाको प्रमुख आतिथ्यतामा भएको थियो । नेपाली काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशीको सभाध्यक्षतामा भएको कार्यक्रम थाहा ४ का नेपाली काँग्रेस सभापति श्रीकृष्ण केसीले सञ्चालन गरेका थिए ।

नेपाली राजनिती तथा साहित्यका अग्रणी व्यक्तित्व विश्वेश्वर प्रसाद कोइरालाको जन्म बि.स. १९७१ भदौ २४ गते भएको थियो । उनको जन्म जयन्तीको अवसरमा नेपाली काँग्रेस थाहानगर समितिले कार्यक्रमको आयोजना गरेको कार्यक्रम संयोजक श्रीकृष्ण केसीले जानकारी दिए ।


## आलु बीज वृद्धि कार्यक्रमको लागि प्रस्ताव आह्वानको सूचना !

सूचना प्रकाशन मिति : २०८१।०५।०१

यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर, मकवानपुरको आर्थिक वर्ष ०८१।०८२ स्वीकृत कार्यक्रम अनुसार आलु बीज वृद्धि (आलु बीउमा ५०% अनुदान) कार्यक्रम संचालन गर्नुपर्ने भएकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुले यो सूचना प्रकाशित मितिले ३० दिनभित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा रितपूर्वक निवेदनसाथ प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | कार्यक्रमको विवरण | अनुदान रकम रु | कार्यक्रम संचालन विधि |
|---|---|---|---|
| १ | आलुको बिउ वृद्धि कार्यक्रम | [illegible] | [illegible] |

आवश्यक कागजातहरु :
१. निवेदन- १ प्रति (लेटरहेडमा अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समूह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबैतिर देखिने गरी प्रतिलिपि-१ प्रति
३. कृषक समूह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि-१ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि-१ प्रति
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
६. आलु बीउ उत्पादन सम्बन्धी ५ वर्ष बाली उत्पादन चक्र
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा भोगचलन खुल्ने प्रमाणको प्रतिलिपि

अन्य जानकारीको लागि: मोबाइल नम्बर ९८४५१०३३४१ र ९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।

नोट : म्याद नाघी आएका र रित नपुगेका निवेदनलाई यस कार्यक्रममा समावेश गरिने छैन ।

थाहा नगरपालिका
कृषि विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

## थाहा नगरपालिका

## कृषि विकास शाखाको सूचना !

प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०६।०५

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर मकवानपुरको आ.व. २०८१/८२ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कृषि सामाग्री ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको हुँदा आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ३० दिन (दशैं बिदा ५ दिन बाहेक) मिति २०८१/०७/१३ गतेसम्म थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**
१. मल्चिङ प्लाष्टिक ३० माइकोन १.२x४०० मि. (तौल १४.४ के.जी.)

**आवश्यक कागजातहरू:**
१. निवेदन -१ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबै तिर देखिने गरी प्रतिलिपि- १ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि- १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि- १ प्रति
५. पान दर्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति

*अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।*



## भू-क्षय न्यूनीकरणका उपाय !

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं,
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं,
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं,
- जमिन चिरा परेको स्थानलाई पुरौं र सजगता अपनाऔं,
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं,
- जथाभावी डोजर/स्काभेटर प्रयोग नगरौं,
- विकास गर्दा विनास ननिम्त्याऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना**




सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिका अन्तर्गतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई मिति : २०८१ ०४ ०१ गते देखि भाद्र मसान्त भित्र आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण गर्नु/गराउनु हुन अनुरोध छ । भाद्र मसान्तभित्र आफ्नो सामाजिक सुरक्षा भत्ता परिचय नविकरण नगराएमा प्रणालीबाट स्वत: लगत कट्टा हुने र त्यस्ता लाभग्राहीहरुले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यवस्था रहेको समेत जानकारी गराईन्छ ।

परिचय पत्र नविकरण गर्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकोले विवरण दर्ता गराउनु भएको लाभग्राहीहरुले आवश्यक कागजात सहित राष्ट्रिय परिचयपत्र नम्बर वा आवेदन फारम पेश गर्नुहुन साथै विवरण दर्ता नगराएका लाभग्राहीहरुले जिल्ला प्रशासन कार्यालयमा गई विवरण दर्ता गराउन हुन जानकारी गराईन्छ । तोकिएको समयमा राष्ट्रिय परिचय पत्र नम्बर सहित Biometric Verification नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने व्यहोरा अनुरोध छ ।

**पुनश्च: बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचय पत्र विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने व्यहोरा जानकारीको लाग अनुरोध छ ।**

थप जानकारीका लागि थाहा नगरपालिका एम.आइ.एस. सेवा इकाइ थाहा नगरपालिका वा वडा कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी